आन्तिम

# संस्थागत विद्यालय साझेदारी तथा सहयोग निर्देशिका, २०६६

**प्रस्तावना :**

सार्वजनिक प्रकृतिका संस्थागत विद्यालयहरुलाई आवश्यक पक्षहरुमा सहयोग तथा व्यवस्थापन गर्नका लागि शिक्षा नियमावली २०५९ को नियम १९२ ले दिएको अधिकार प्रयोग गरी शिक्षा मन्त्रालयले नियम १९२ खण्ड 'ङ' अन्तर्गत देहाय बमोजिमको निर्देशिका जारी गरेको छ ।

**उद्देश्य :**

यो निर्देशिका जारी गर्नुका उद्देश्यहरु निम्न प्रकार छन् ।

१. सार्वजनिक प्रकृतिका संस्थागत विद्यालयहरुको व्यवस्थापन सुधार गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने ।

२. यस्ता विद्यालय सञ्चालक सरोकारवालाहरुको जिम्मेवारी र जवाफदेहिता स्पष्ट गर्ने ।

३. शिक्षामा सार्वजनिक निजी साझेदारीको कार्यक्रम सञ्चालन गर्ने गराउने ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :**

(१) यस निर्देशिकाको नाम "सार्वजनिक प्रकृतिका संस्थागत विद्यालय साझेदारी तथा सहयोग निर्देशिका, २०६६" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा मन्त्रालय सम्झनु पर्छ ।

(घ) "विभाग" भन्नाले शिक्षा विभाग सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले यस निर्देशिकाले व्यवस्था गरे बमोजिमको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(च) "सार्वजनिक प्रकृतिका संस्थागत विद्यालय" भन्नाले नेपाल सरकार वा गैह्र सरकारी संघ/संस्था (धार्मिक संस्था समेत) वा परियोजना वा व्यक्तिले भवन, जग्गा र आर्थिक लगानि गरी गुठी अन्तर्गत संचालन गर्न प्रचालित कानुन वमोजिम अनुमति वा स्वीकृति प्राप्त गरी सञ्चालन भएका विद्यालयलाई सम्झनु पर्दछ । यो वाक्यांशले अति न्यून विद्यार्थी संख्याको कारणले बन्द हुने

अवस्थामा पुगेका सामुदायिक विद्यालयबाट यस प्रकृतिका विद्यालयको रुपमा चल्ने निर्णय गरेका विद्यालय समेतलाई समेट्न सकिने छ ।

(छ) "सरोकारवाला" भन्नाले विद्यालयसंग सम्वन्धित गुठियारहरु, व्यक्ति, समुदाय, निकाय, सङ्घ, संस्था वा पदाधिकारी समेत सम्झनु पर्छ ।

## परिच्छेद - २

**३) केन्द्रीय समन्वय समितिको गठन** : (१) ऐनको दफा १२ को उपदफा (५क) बमोजिम मन्त्रालयद्वारा छुट्टै व्यवस्थापन समिति गठन गरी संचालन गरिने संस्थागत विद्यालयहरु वीच संचालन कार्यमा समन्वय र सहयोग गर्ने देहाय वमोजिमको एक केन्द्रीय समन्वय समिति रहनेछ ।

| | |
|---|---|
| (क) सचिव, शिक्षा मन्त्रालय | संयोजक |
| (ख) सह-सचिव, शिक्षा मन्त्रालय उच्च शिक्षा तथा शैक्षिक व्यवस्थापन महाशाखा | सदस्य |
| (ग) साझेदारको रुपमा कार्य गर्ने संस्था वा निकायहरु मध्येवाट मन्त्रालयले मनोनिय गरेको दुई जना | सदस्य |
| (घ) यस्ता प्रकृतिका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट शिक्षा विभागबाट मनोनित एक जना | सदस्य |
| (ङ) यस्ता प्रकृतिका विद्यालयका प्रधानाध्यापकहरु मध्येवाट शिक्षा विभागबाट मनोनित एक जना | सदस्य |
| (च) महानिर्देशकद्वारा मनोनित क्षेत्रिय शिक्षा निर्देशकहरु मध्येबाट एक जना | सदस्य |
| (छ) बुढानिलकण्ठ आवासीय माध्यमिक विद्यालय काठमाडौका प्र.अ. | सदस्य |
| (ज) महानिर्देशक, शिक्षा विभाग | सदस्य सचिव |

(२) केन्द्रीय समन्वय समितिले आवश्यक ठानेमा ३ जना व्यक्ति सम्मलाई आमन्त्रित गर्न सक्नेछ ।

(३) केन्द्रीय समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) विद्यालयहरु बीचको समन्वय सम्वन्धी नीति निर्धारण गर्ने ।
(ख) छात्रवृत्ति सम्वन्धि मापदण्ड तयार गर्ने ।
(ग) साझेदारीको कार्यढाँचा निर्धारण गर्ने
(घ) सम्बद्ध विद्यालयहरु बीच सहकार्यका लागि संजाल गठन गर्ने ।
(ङ) मन्त्रालयको निर्देशन अनुसारका अन्य कार्य गर्ने ।
(च) यस समितिको बैठकको कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।
(छ) यस समितिको सचिवालय शिक्षा विभागमा रहने छ ।
(ज) निर्देशिकाले तोके अनुरुप विद्यालय संचालन भए नभएको अनुगमन गरी मन्त्रालयसमक्ष प्रतिवेदन पेश गर्ने ।
(झ) मनोनित सदस्यहरुको पदावधि २ वर्षको हुनेछ ।

## परिच्छेद - ३

**४) विद्यालय व्यवस्थापन समितिको गठन र काम कर्तव्य र अधिकार :** (१) सार्वजनिक प्रकृतिका संस्थागत विद्यालयहरुको सञ्चालन रेखदेख र व्यवस्थापनका लागि ऐन दफा १२ को उपदफा (५क) को व्यवस्थाको अधिनमा रही प्रत्येक विद्यालयमा देहाय वमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ । यस्तो व्यवस्थापन समिति गठन भएको विद्यालयमा ऐनको दफा १२ बमोजिमको विद्यालय व्यवस्थापन समिति गठन हुनेछैन ।

(क) क्षेत्रीय शिक्षा निर्देशक वा प्रमुख जिल्ला अधिकारी मध्ये बाट मन्त्रालयले मनोनित गरेको एक जना — अध्यक्ष

(ख) सम्वन्धीत जिल्ला शिक्षा अधिकारी — उपाध्यक्ष

(ग) सम्वन्धी नगरपालिका वा गा.वि.स.का. अध्यक्ष वा महानगरपालिका/उप महानगरपालिकाको वडा अध्यक्ष — सदस्य

(घ) विद्यालयको स्थापना र संचालनमा उल्लेखनीय योगदान पुऱ्याउदै आएको व्यक्तिहरु मध्येवाट विभागले मनोनित गरेको एक जना — सदस्य

(ङ) विद्यालय संचालनमा साझेदारी गर्ने गरी कुनै संघ संस्था वा निकायसंग साझेदारी गरेको भएमा त्यस्ता संस्था, निकायका प्रतिनिधि एक जना — सदस्य

(च) विद्यालयमा कार्यरत शिक्षकहरुको प्रतिनिधि एक जना — सदस्य

(छ) विद्यालयको स्थापना र संचालनमा सहयोग पुऱ्याएका व्यक्तिहरु, शिक्षाविद, शिक्षा प्रेमी, चन्दादाताहरु एवम् अभिभावक मध्येवाट एक जना महिला समेत पर्ने गरी समितिले मनोनित गरेको दुई जना — सदस्य

(ज) विद्यालयका प्रधानाध्यापक — सदस्य सचिव

(२) विद्यालय निरीक्षक तथा अन्य आवश्यकता अनुसारका व्यक्तिहरुलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको काम, कर्तव्य तथा अधिकार र पदावधि ऐन तथा नियमावलीमा व्यवस्था भए वमोजिम सामूदायीक विद्यालय व्यवस्थापन समिति सरह हुनेछ

(४) विद्यालयका शिक्षक कर्मचारी व्यवस्थापन विनियमावली र आफ्नो विद्यालय संचालन कार्यविधि वनाई केन्द्रिय समन्वय समितिबाट स्वीकृत गराई लागु गर्नु पर्नेछ ।

**५) सरोकारवालाहरुको जिम्मेवारी र जवाफदेहिता** - सरोकारवालाहरुको जिम्मेवारी र जवाफदेहिता देहाय बमोजिम हुनेछ ।

क) विद्यालयको भौतिक पूर्वाधार विकास तथा सञ्चालन गर्न व्यवस्थापन समितिलाई आर्थिक तथा अन्य सहायता उपलब्ध गराउने ।

ख) समय समयमा विद्यालयको निरीक्षण तथा अनुगमन गर्ने र त्यसरी निरीक्षण तथा अनुगमन गर्दा कुनै कमजोरी देखिएमा सो को निराकरणको लागि विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन वा सुझाव दिने ।

ग) विद्यालयको विकासको लागि आवश्यक योजना तर्जुमा कार्यान्वयन र अनुगमनमा सहयोग पुऱ्याउने ।

घ) विद्यालयको शैक्षिक गतिविधि वारे नियमित जानकारी राख्ने र अन्तर्क्रिया गर्ने ।

ङ) शिक्षक अभिभावक संघको गठन गर्न आवश्यक सहयोग पुऱ्याउने ।

## परिच्छेद - ४

### ६) सहयोग र सहकार्यका क्षेत्र :

देहायका क्षेत्रमा सार्वजनिक प्रकृतिका संस्थागत विद्यालयलाई सरकारले सहयोग वा सिफारीस गर्न सक्नेछ । सरकार, समुदाय र नीजि क्षेत्र साझेदारी अन्तर्गत हालको लागि देहाय वमोजिमका कार्यनीति अघि वढाइने छ ।

(क) **छात्रवृत्ति :**

(१) विद्यालयले गरीव, पिछडिएका वर्ग र समुदायका विद्यार्थीहरुलाई लक्षित गरी कहि लगानी विद्यालयको आफ्नै स्रोत वा साझेदार संस्था र केहि लगानी सरकारी अनुदानवाट हुने गरी आवासिय एवम् दिवा अध्ययन छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) छात्रवृत्तिको सुविधा कक्षा ५ देखि १० सम्मका विद्यार्थीहरुलाई उपलब्ध गराउन सकिने छ ।

(३) सरकारवाट प्राप्त गराइने छात्रवृत्ति वापतको अनुदान आ.व.०६५/६६ का लागि प्रति छात्रवृत्ति प्रति महिना रु.१५००।- हुनेछ । प्रत्येक आर्थिक वर्षमा सरकारबाट स्वीकृत नर्म्सको आधारमा यो अंक परिवर्तन हुनेछ ।

(४) छात्रवृत्तिको लागि सम्भव भएसम्म मुलूकका विभिन्न भागबाट विद्यार्थीहरुको छनोट गर्नुपर्ने छ ।

(ख) **भौतिक संरचना विकास** : विद्यालयले भौतिक संरचना विकासका लागि गर्ने खर्चमा आवश्यकता अनुसार वढिमा २५ प्रतिशत सम्म सरकारले सहयोग गर्न सक्नेछ ।

(ग) **शैक्षिक सामग्री** : विद्यालयले अध्ययन अध्यापन कार्यमा सहयोगी हुने खालका शैक्षिक सामग्रीको खरीद गर्दा सरकारले दिन सक्ने छुट र सुविधाका लागि सिफारिस वा सहयोग उपलब्ध गराउन सक्नेछ ।

(घ) **शिक्षक तालिम** : सरकारले यस्ता विद्यालयमा अध्यापन गर्ने शिक्षक शिक्षिकाका लागि लामो तथा छोटो अवधिका तालिम दिन सहयोग गर्न सक्नेछ ।

(ङ) बुढानिलकण्ठ जस्ता सार्वजनिक प्रकृतिका संस्थागत विद्यालयहरु संग सार्वजनिक निजी साझेदारी गरी शैक्षिक गुणस्तर वृद्धिका लागि सहकार्य गरिनेछ ।

## परिच्छेद - ५

### ६. विद्यालयको आर्थिक स्रोत :

विद्यालयको आम्दानीका स्रोतहरु देहाय बमोजिम हुनेछन् ।

(क) विद्यार्थीहरुबाट प्राप्त हुने शुल्कहरु

(ख) स्वदेशी दाता, संघ/संस्थाहरुबाट प्राप्त हुने सहयोग

(ग) विदेशी दाता, संघ/संस्थाहरुबाट प्राप्त हुने सहयोग तर यस्तो सहयोग वा अनुदान लिनु भन्दा अगाडि शिक्षा मन्त्रालय/शिक्षा विभागबाट अनुमति लिनु पर्नेछ ।

घ) नेपाल सरकार तथा स्थानीय निकायबाट प्राप्त हुने अनुदान

## परिच्छेद - ६

### ७. विद्यालयको चल अचल सम्पत्तिको संरक्षण :

(क) यस्ता विद्यालयहरुको चल अचल सम्पत्ती, भौतिक पूर्वाधार आदिको संरक्षण विद्यालय स्वयंले गर्नेछ । कुनै कारणले विद्यालय वन्द हुने भएमा विद्यालयको चल अचल सम्पत्ति शिक्षा ऐन, नियमले तोके बमोजिम हुनेछ ।

## परिच्छेद - ७

### ८. विविध :

१. यस्ता प्रकृतिका शिक्षण संस्था अन्तर्गत मदरसा, गुम्वा र आश्रम पनि रहन सक्नेछन् ।

२. यस्ता विद्यालयहरुले शिक्षा नियमावली बमोजिम सामाजिक परिक्षण र लेखा परीक्षण गराउनु पर्नेछ ।

३. यस्ता विद्यालयहरुले प्राप्त गरेको सहयोग तथा अनुदान रकमको खर्च विवरण शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्नेछ ।

४. यस निर्देशिकामा उल्लेख भएका विषयमा आवश्यकता अनुसार शिक्षा मन्त्रालय/शिक्षा विभागले व्याख्या गर्न सक्नेछ ।

५. यस निर्देशिकामा उल्लेख भएका कुराहरु वाहेक अन्यका हकमा प्रचलित शिक्षा ऐन तथा नियमावली एवं अन्य नेपाल कानुन बमोजिम हुनेछ ।

६. केन्द्रिय समन्वय समितिको सिफारीसमा शिक्षा विभागले सामूदयिक विद्यालयका शिक्षकहरुलाई काजमा पठाउन सक्ने छ ।